## मानिसहरूले भरोसा गर्ने अगुवा

सेवकाईको एक अगुवाको रूपमा तपाईंले आफ्नो दलसँग र मानिसहरूसँग गर्नुहुने व्यवहारमा भरोसा धेरै महत्त्वपूर्ण हुन्छ। अनि खम्बाहरू पाठ्यक्रममा हामी प्रभावको बारेमा अनि कसरी भरोसायोग्य अगुवा हुने भन्ने कुरा गर्छौं, र त्यो हाम्रो निम्ति महत्त्वपूर्ण अध्ययन बन्छ। तपाईं किन कसैमाथि भरोसा गर्नुहुन्छ र कसैले किन तपाईंमाथि भरोसा गर्छ?

धेरै पटक मानिसहरूले अगुवामा भएको चरित्र, इमानदारी, क्षमता देखेर साथै अगुवाले जे गरिरहेका छन् सो जान्दछन् र त्यसकारण उनले असल निर्णयहरू गर्न सक्छन् भन्ने जानेर, अनि त्यस अगुवालाई अनुभव गरेकाले र उनीहरूले आफैलाई प्रमाणित गरेकाले उनीहरूमाथि भरोसा गर्छन्।

हामी धर्मशास्त्र बाइबलमा यसको उदाहरण पाउँछौं। जब येशूले चेलाहरूलाई भेट्नुभयो, र सेवकाई अगाडि बढदै गएपछि तिनीहरूले उहाँको स्वर्गारोहण पछि पनि उहाँ र तिनीहरूमाथिको उहाँको नेतृत्वमा भरोसा गर्नेछन् भनी जान्नुभयो र उहाँले दिनुभएको शिक्षा तिनीहरूले सम्झना गरे। यूहन्ना १० अध्यायमा उहाँले एउटा गोठालोको उदाहरण दिनुहुन्छ। तर बाइबलको समयमा गोठालो राजा दाऊद जस्तो अगुवाको तस्बीर थियो, जो एक गोठालो, एक अगुवा थिए।

यूहन्ना १० अध्यायमा येशूले उहाँ किन भरोसायोग्य हुनुहुन्छ भन्ने सम्बन्धमा पत्यारलाग्दा कारणहरू बताउनुहुन्छ। कुन कुराले भरोसायोग्य बनाउँछ? अब मानिसहरूले भरोसा गर्न सक्ने अगुवा कस्तो हुन्छ भन्ने कुरा हेर्नुभन्दा अघि यूहन्ना १० अध्यायको पहिलो पद हेर्नुहोस्, जसले भन्छ,“साँच्चै म तिमी फरिसीहरूलाई भन्दछु,” यो येशूले भनिरहनुभएको छ, “जो भेडा गोठको ढोकाबाट भित्र पस्दैन, तर अर्कोपट्टिबाट चढेर पस्छ, त्योचाहिँ चोर र डाँकू हो।” सुरुदेखि नै येशू भन्दैहुनुहुन्छ,“यो कुरा साँच्चै महत्त्वपूर्ण छ, किनकि त्यहाँ यस्ता मानिसहरू छन् जसलाई तिमीहरू भरोसा गर्न सक्दैनौ, जुन मानिसहरू तिमीहरूबाट चोर्न खोज्छन्, तिमीहरूबाट खोस्न खोज्छ, यहँसम्म कि तिमीहरूलाई नाश पार्न खोज्छ।” यसैकारण तिमीहरू कसमाथि भरोसा गर्छौं त्यसमा स्पष्ट हुनुपर्छ, एक अगुवाको रूपमा तिमीहरू मानिसहरूले भरोसा गर्न सक्ने अगुवाहरू हुनुपर्छ।

येशू अझै भन्नुहुन्छ, “ठिक छ, म चाहन्छु, तिमीहरू मानिसहरूले भरोसा गर्न सक्ने अगुवा बन। म चाहन्छु, तिमीहरूले मेरो उदाहरण पछ्याओ।” मानिसहरूले भरोसा गर्न सक्ने अगुवा कस्तो हुन्छ? मानिसहरू त्यो अगुवालाई पछ्याउँछन् जसले उनीहरूलाई बुझ्छन्। मानिसहरूलाई बुझिदिने अगुवालाई नै मानिसहरू पछ्याउँछन्। यूहन्ना १०:२-५ सम्म हेर्नुहोस्। “ढोकाबाट भित्र पस्नेचाहिँ भेडाको गोठाला हो। ढोकेले उसको लागि ढोका खोलिदिन्छ, र भेडाहरूले उसको सोर सुन्छन् र उसले आफ्ना भेडाहरूलाई नाउँ काढी-काढी बोलाउँछ, अनि तिनीहरूलाई बाहिर लैजान्छ। जब उसले आफ्ना सबै भेडाहरूलाई बाहिर निकालिसक्छ, ऊ तिनीहरूका अगि-अगि हिँडछ, र भेडाहरूले उसलाई पछ्याउँछन्, किनकि तिनीहरूले उसको सोर चिन्छन्। तर अपरिचित व्यक्तिलाई तिनीहरू पछ्याउँदैनन्, तर त्यसदेखि भाग्नेछन्। किनभने अपरिचित व्यक्तिको सोर तिनीहरूले चिन्दैनन्।” परमेश्वर टाढा हुनुहुन्न। परमेश्वर हटाइनुभएको छैन। परमेश्वर उदासीन हुनुहुन्न।

येशू भन्नुहुन्छ, “सुन, एउटा अगुवा जसलाई मानिसहरूले भरोसा गर्छन् उसलाई तिनीहरूले पछ्याउँछन्, किनकि त्यो अगुवाले तिनीहरूलाई बुझ्दछ भनी तिनीहरू जान्दछन्। यसमा आवाज पनि जोडिएको हुन्छ। उसले तिनीहरूलाई नाउँ काढेर बोलाउँछ।” यदि तपाईं मानिसहरूले भरोसा गर्ने अगुवा बन्न चाहनुहुन्छ भने, तपाईंले आफ्ना मानिसहरूलाई तिनीहरूका नाउँद्वारा चिन्नुपर्छ। हामी यस्तो संसारमा जिइरहेका छौं जहाँ हामी मानिसहरूलाई नाउँद्वारा चिन्छौं र प्रायः ती नाउँहरू उनीहरूको विगतसित सम्बन्धित हुन्छन्। तिनीहरूका विगतका गलत कार्यहरू, तिनीहरूका विगतका गल्तीहरू र हामी तिनीहरूलाई नाउँ दिन्छौं, र येशू भन्नुहुन्छ,

“होइन, मानिसहरूले भरोसा गर्ने अगुवा बन, किनकि तिमीहरूले तिनीहरूलाई नाउँद्वारा चिन्छौ।” येशू ठीक यस्तै प्रकारले जिउनुभयो। उहाँ आफ्ना चेलाहरूसँग यति नजिक हुनुहुन्थ्यो कि उहाँले तिनीहरूलाई उपनामहरू पनि दिनुभयो। उहाँले भन्नुभयो, “तिमी अब सिमोन भनिनेछैनौ। अब तिमी चट्टान हौ।” अनि याकूब र यूहन्ना दाजुभाइलाई उहाँले भन्नुहुन्छ, “तिमीहरू गर्जनका छोराहरू हौ।”

यसको अर्थ जब मानिसहरूको उपनाम हुन्छ, तब यसको अर्थ तिनीहरू अति नै घनिष्ठ हुन्छन्, तिनीहरू बीच मित्रता छ भन्ने हुँदैन। बरु यसको अर्थ तिनीहरू माझ भरोसा निर्माण भइरहेको हुन्छ भन्ने हो। तर वास्तवमा त्यहाँ अरू धेरै कुरा भइरहेको हुन्छ। मानिसहरूलाई बाहिरी आवाजद्वारा पहिचान गर्न आवश्यक छ। अब समाजले झुटो बोल्नेछ र तपाईंलाई भन्नेछ, “तपाईं को हुनुहुन्छ त्यो तपाईं आफैले जान्नुहुन्छ र कसैको कुरा नसुन।” तर हामी सबै जान्दछौं, कि यो सबै कुरा झुटा हो। हामी सबैलाई परमेश्वरले हामीलाई कस्तो व्यक्ति बनाउँदै हुनुहुन्छ भनेर बाहिरबाट बोल्ने अर्को आवाज चाहिन्छ। जब येशू पत्रुसकहाँ आएर “तिमी चट्टान हौ,” भन्नुहुन्छ त्यस बेला उहाँले पत्रुस को बन्नेछन् भनेर घोषणा गर्दैहुनुहुन्छ र त्यो पहिचानले भरोसा निर्माण गर्दछ।

हामी मानिसहरूको नाउँ थाहा जान्ने र परमेश्वरले उनीहरूको जीवनमा के गरिरहनुभएको छ भनेर उनीहरूलाई बताउने अगुवाहरू हुनुपर्छ, त्यसो गर्दा उनीहरूले हामीमाथि भरोसा गर्छन्, किनकि हामी उनीहरूलाई बुझ्छौं भन्ने कुरा उनीहरूले जान्दछन्। यसले भन्छ, “भेडाहरूले उहाँको आवाज पछ्याउँछन्।” जानकार हुनुहोस्। जति धेरै तपाईं भेडाहरूलाई चिन्नुहुन्छ, त्यत्तिकै उनीहरूलाई पनि तपाईंलाई चिन्न दिनुहोस्। उनीहरूसँग उपस्थित हुनुहोस्।

तपाईंले उनीहरूलाई चिन्नुहुँदा र तिनीहरूले तपाईंलाई चिन्दा तपाईंले भरोसा निर्माण गर्नुहुनेछ र तिनीहरूले तपाईंलाई चिन्छन् र यो तपाईंले तिनीहरू को हुन् भनेर नाउँ लिँदा त्यो आवाजमा झल्कन्छ। त्यसपछि त्यहाँ दोस्रो तरिका छ कि मानिसहरूले त्यहाँ रहेको विश्वासको कारणले अगुवालाई पछ्याउनेछन्। मानिसहरूले एक अगुवालाई पछ्याउने दोस्रो उपाय तपाईंहरू बीचमा रहेको भरोसा हो। यूहन्ना १०:९-१० हेर्नुहोस्। “ढोका म नै हुँ। यदि कोही मानिस मबाट भित्र पस्यो भने त्यो बचाइनेछ, र भित्र-बाहिर आउने-जाने गर्नेछ, र खर्कमा चर्न पाउनेछ। चोर त चोर्न मार्न र नाश पार्न आउँछ। म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ।”

परमेश्वर तपाईंको विरुद्धमा हुनुहुन्न। परमेश्वर तटस्थ पनि हुनुहुन्न। येशू भन्नुहुन्छ, “मेरो मिसनको सार (भनाइ) तिमीहरूलाई प्रशस्त जीवन दिनु हो।” मानिसहरूले त्यस्तो अगुवालाई भरोसा गर्नेछन् जो पूर्ण रूपमा उनीहरूका लागि हुन् भनी जान्दछन्। जब एक अगुवाले,“मेरो काम तिमीहरूलाई प्रशस्त जीवनमा, तिमीहरूको उत्तम जीवनमा डोऱ्याउनु हो” भन्छ, मानिसहरू साँच्चै त्यो अगुवालाई पछ्याउन चाहन्छन्। पद ९ र १० मा, येशूले तिनीहरूका लागि खर्क खोज्नुहुने कुरा गर्नुहुन्छ। “म तिमीहरूलाई त्यस्तो ठाउँमा लैजान्छु जहाँ तिमीहरूले खर्क पाउनेछौ, जहाँ तिमीहरू फस्टाउनेछौ।” हामी सबै जान्दछौं,कि भेडाहरू साँच्चै लाटो पशु हुन्छन्। तिनीहरूलाई डोऱ्याउने  र नेतृत्व गर्ने एक गोठालो चाहिन्छ। कहिलेकहीं हाम्रा मानिसहरू धेरै बुद्धिमान् हुँदैनन् र तिनीहरूलाई मार्गदर्शन र नेतृत्व गर्ने एक जना गोठालो चाहिन्छ। त्यस्तो हुनका लागि, तपाईंले साँच्चै उनीहरूका लागि कुन कुरा उत्तम हुन्छ त्यसको चाहना गर्नुहुन्छ। त्यसपछि उनीहरूले तपाईंमा भरोसा गर्न थाल्नेछन्। तपाईं उनीहरूका लागि हुनुपर्छ, तर उनीहरू आफ्नै लागि हुन सक्दैनन्। यही कुरा तपाईंले इमानदारीसाथ मूल्याङ्कन गर्नुपर्छ। सेवकाई सेवकाई

तपाईं आफ्ना मानिसहरूलाई कसरी हेर्नुहुन्छ? के तपाईंको प्राथमिकता पूर्ण रूपमा उनीहरूका लागि हुनु हो? वा यदि तपाईं साँच्चै इमानदार हुनुहुन्छ भने, के तपाईंको प्राथमिकता तिनीहरू पूर्ण रूपमा तपाईंको होऊन् भन्ने

छ? प्रायः जब हामी मानिसहरूलाई अगुवाको रूपमा हेर्छौं, तब हामी उनीहरूलाई हाम्रो लागि स्रोत-साधनको रूपमा हेर्छौं। यो व्यक्तिले हामीलाई कसरी सहायता गर्न सक्छ? यो व्यक्तिले सेवकाईमा कसरी दान दिनु सक्छ? यो व्यक्तिले मेरो निम्ति कस्तो धन ल्याउनेछ? हामी तिनीहरू पूर्ण रूपमा हाम्रा निम्ति होऊन् भन्ने चाहन्छौं। तर यदि हामी साँच्चै भरोसा निर्माण गर्न चाहन्छौं, जसले तिनीहरूलाई फस्टाउन सक्ने बनाउँछ र हामीले तिनीहरूको सर्वोत्तम कुरा प्राप्त गर्नेछौं भने, हामीले आफूलाई येशूजस्तै राख्नुपर्छ, जहाँ हामी पूर्ण रूपमा तिनीहरूका निम्ति हुन्छौं।

येशू सबै चेलाहरूभन्दा धेरै अगि हुनुहुन्थ्यो। उहाँको लक्ष्य तिनीहरूलाई उहाँ आफैले घेर्नु हो भनी उहाँ जान्नुहुन्थ्यो, ताकि एक दिन उहाँले तिनीहरूलाई हेरेर यसो भन्न सकून्, "तिमीहरूले मैले गरेका भन्दा ठूला काम गर्नेछौ, किनकि म पूर्ण रूपमा तिमीहरूका लागि छु।" जब तपाईं आफैलाई येशू कै जस्तो स्थानमा राख्नुहुन्छ, तब तपाईंका मानिसहरूले तपाईंलाई भरोसा गर्नेछन्। अनि त्यसपछि तपाईंहरू एकसाथ मिलेर परमेश्वर र उहाँको राज्यका लागि जे गर्न सक्नुहुन्छ, त्यसको कुनै सीमा हुँदैन।

अगुवा हुनुको तेस्रो कारण छ, मानिसहरूले अगुवालाई कसरी विश्वास गर्छन् र भरोसा गर्न सकिने अगुवा कस्तो हुन्छ? मानिसहरूले अगुवालाई भरोसा गर्छन् र असल अगुवालाई पछ्याउँछन्। यूहन्ना १०:११-१३ हेर्नुहोस्। येशू भन्नुहुन्छ, "म असल गोठालो हुँ। असल गोठालाले आफ्ना भेडाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ। भाडाको मान्छेचाहिँ भेडाहरूको आफ्नै गोठालोजस्तो होइन। त्यसले त ब्वाँसालाई आएको देखेर भेडाहरूलाई छोडी त्यो, ब्वाँसाले भेडाहरूलाई गाँजी लैजान्छ, र तितरबितर पारिदिन्छ। त्यो भाग्छ, किनकि त्यो भाडाको मान्छे हो, त्यसले भेडाको केही वास्ता गर्दैन।"

येशूले यहाँ साँच्चै स्पष्ट कुरा भन्नुहुन्छ। उहाँ भन्नुहुन्छ, "म एक असल अगुवा हुँ र मानिसहरूले मलाई भरोसा गर्नेछन्, किनकि म एक असल अगुवा हुँ।" त्यो 'असल' शब्दको वास्तवमा धेरै अर्थ/परिभाषाहरू छन्। यसको अर्थ इमानदारिता हो, येशू एक इमानदार अगुवा हुनुहुन्थ्यो, उहाँ धेरै प्रकारले एक चरित्रवान् अगुवा हुनुहुन्थ्यो र त्यो इमानदारी वास्तवमा उहाँले आफ्नो प्राण अर्पण गर्नुभएको कुरामा देखाएको थियो, किनकि उहाँले यसो भन्नुभएको थियो, "म आफ्नो प्राण अर्पण गर्न आएको हुँ।" त्यसपछि उहाँ त्य अनुसार जिउनुभयो र उहाँले आफ्नो प्राण अर्पण गर्नुभयो। उहाँका कुरा र कामहरू एकसाथ थिए। ती मेल खान्थे। येशू उहाँको व्यवहारको कारण एक असल अगुवा हुनुहुन्थ्यो। उहाँले मानिसहरूमा जुन आशिष् ल्याउनुभयो त्यसको कारण उहाँ एक असल अगुवा हुनुहुन्थ्यो। उहाँ एक असल अगुवा हुनुहुन्थ्यो र जब असल अगुवाहरू हुन्छन्, मानिसहरूले भरोसा गर्नेछन्। थाहा छ किन?

किनकि हामी संसारमा जिउँछौं। तपाईं जुनसुकै क्षेत्रमा, जुनसुकै देशमा हुनु भए पनि हामी यस्तो संसारमा बस्छौं जहाँ असल अगुवाहरू थोरै छन्। जब हाम्रा धेरै अगुवाहरू भ्रष्ट, अविश्वासयोग्य हुन्छन्, जब नागरिक क्षेत्रमा, मण्डलीको क्षेत्रमा समेत, हाम्रा धेरै अगुवाहरू असल हुँदैनन्, सबै मानिसमा यसो भन्ने प्रवृत्ति हुन्छ, "म कसैलाई विश्वास गर्नेछैनँ। म जे गर्न गइरहेको छु त्यो आफै गर्नेछु।"

अनि येशू भन्नुहुन्छ, "के तिमीहरू जान्दछौं, मानिसहरूले कस्तो अगुवालाई भरोसा गर्छन् र पछ्याउँछन्? अगुवाहरू असल हुनुपर्छ। तिनीहरूमा इमानदारी हुनुपर्छ, तिनीहरू जे भन्छन्, जे गर्छन् र जे विश्वास गर्छन् ती मेल खानुपर्छ, यी तीन क्षेत्र सबै एकसाथ मिल्नुपर्छ। यो भनेको तपाईंले के भन्नुहुन्छ र के गर्नुहुन्छ भन्ने कुरा मात्र होइन, किनकि तपाईं जे पनि भन्न र त्यो गर्न सक्नुहुन्छ, तर वास्तवमा तपाईंको हृदय र मनमा त्यसमाथि दृढ विश्वास हुँदैन। यो भनेको तपाईंले के विश्वास गर्नुहुन्छ र भन्नुहुन्छ भन्ने कुरा मात्र होइन। तपाईंले त्यो गर्नुपर्छ। त्यहाँ कार्य हुनुपर्छ।

त्यसैले यो सत्य हो कि यदि तपाईंका यी तीन कुराहरू मिलेका छन् भने, तपाईं एक असल अगुवा हुनुहुन्छ। असल अगुवा कम नै हुन्छन्, यदि तपाईं येशूजस्तै असल अगुवा हुनुहुन्छ भने, तपाईं असल हुनुभएकोले मानिसहरूले तुरुन्तै तपाईंमा भरोसा गरेका पाउनुहुनेछ। जब तपाईंसँग असल अगुवाको रूपमा त्यस्तो प्रकारको भरोसा हुन्छ, तब तिनीहरूले तपाईंलाई पछ्याउनेछन्। येशूले यस खण्डमा मानिसहरूले भरोसा गर्ने अगुवाको बारेमा चौथो कारण बताउनुहुन्छ, एक यस्तो अगुवा जसलाई तिनीहरूले भरोसा गरेका कारण तिनीहरू उसलाई पछ्याउँछन्।

तपाईं जान्नुहुन्छ, मानिसहरूले त्यस्तो अगुवालाई पछ्याउनेछन् जोसँग शक्ति हुन्छ, तर जोसँग निःस्वार्थ शक्ति हुन्छ, एक अगुवा जोसँग अधिकार हुन्छ, तर त्यो निःस्वार्थ अधिकार हुन्छ। म यूहन्ना १०:१४ मा येशूका वचनहरूबाट सुरु गर्दै यो कुरा बताउन चाहन्छु। उहाँ भन्नुहुन्छ, “म असल गोठालो हुँ। म आफ्ना भेडाहरूलाई चिन्छु, अनि मेरा भेडाहरूले मलाई चिन्छन्। जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, म भेडाहरूका लागि आफ्नो अर्पण गर्छु। मेरा अरू भेडा छन्, जो यस गोठका होइनन्। तिनीहरूलाई पनि मैले ल्याउनु परेको छ, र तिनीहरूले पनि मेरो सोर सुन्नेछन्, र तिनीहरू एउटै बगाल र एउटै गोठालो हुनेछ। पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि पिर्ता लिने हेतुले अर्पण गर्छु।” अब पद १८ ध्यान लाएर पढ्नुहोस्। “कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु। आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ। यो आज्ञा मैले मेरा पिताबाट पाएको छु।”

परमेश्वरसँग यो सबै अधिकार छ। येशूसँग यो सबै अधिकार थियो, तर त्यो अधिकार घृणा र अहंकारबाट आएको थिएन।

त्यो अधिकार प्रेमबाट आएको थियो र उहाँसँग यो अधिकार छ। कसैले पनि मेरो जीवन मबाट खोस्न सक्दैन। म यो मेरो आफ्नै निर्णयबाट गर्छु, मेरो आफ्नै इच्छाबाट गर्छु। येशूले चेलाहरूलाई यो सिकाउँदै हुनुहुन्छ, “म यो परिस्थितिको नियन्त्रणमा छु। अरू मानिसहरूले मलाई क्रूसमा मारिरहेकाले म नियन्त्रण बाहिर छु जस्तो लाग्न सक्छ, तर म नियन्त्रणमा छु। मसँग यो अधिकार छ।” प्रायः समय, जब हामी क्रूस र क्रूसको दृश्य हेर्छौं, हामी येशूको करुणामा विह्वल हुन्छौं, अनि हामी हुनु पनि पर्छ। उहाँ मर्नुभयो, किनकि उहाँले हामीलाई प्रेम गर्नुभयो। तर हामीले क्रूसलाई पनि हेर्नुपर्छ र येशूको अधिकारमा विह्वल हुनुपर्छ।

उहाँ मर्नुभयो, किनकि यो उहाँको इच्छा, उहाँको निर्णय थियो। उहाँ त्यस्तो एक अगुवा हुनुहुन्थ्यो जससँग निःस्वार्थ अधिकार थियो। एक अगुवाको रूपमा, प्रायः हामी मानिसहरूले हामीलाई पछ्याऊन् भन्ने चाहन्छौं। हामी मानिसहरूलाई हाम्रो पछि लाग्न मनाउनका निम्ति त्यो शक्ति चाहन्छौं, जसले हामीलाई पछ्याउनका लागि तिनीहरूलाई प्रयोग गर्न सक्षम बनाउँछ। कहिलेकहीं त्यो शक्ति ओहदा (पद) मा आउन सक्छ। कहिलेकहीं त्यो शक्ति विभिन्न प्रकारले आउन सक्छ। येशूले हामीलाई शक्ति (अधिकार)को सबैभन्दा महत्त्वपूर्ण नमुना दिनुहुन्छ।

येशूसँग निःस्वार्थ अधिकार भएकोले मानिसहरू उहाँलाई पछ्याउँछन्। परमेश्वरको राज्यमा उहाँसँग सबै अधिकार थियो र उहाँले मानिसहरूलाई सहायता गर्न, मानिसहरूको सेवा गर्न, परमेश्वरको इच्छा पूरा गर्न त्यो अधिकार प्रयोग गर्नुभयो। उहाँ भन्नुहुन्छ, “अब, के तिमीहरू मानिसहरूले तपाईंलाई भरोसा गरून् भन्ने चाहन्छौ। के तिमीहरू मानिसहरूले तिमीहरूलाई पछ्याऊन् भन्ने चाहन्छौ? त्यसो हो भने पूर्ण अधिकार र शक्ति भएको अगुवा बन, तर तिनीहरूमाथि अधिकार जमाउनु होइन।

मानिसहरूलाई कुनै निश्चित तरिकाले व्यवहार गर्न लगाउनका निम्ति तपाईंले आफ्नो ओहदाको अधिकारलाई कहिल्यै पनि शक्तिको रूपमा प्रयोग गर्नुहुँदैन। तर जब तपाईं अधिकार भएको अगुवा हुनुहुन्छ र तपाईं तिनीहरूका

निम्ति उत्तम हित गर्ने सोच्नुहुन्छ, तपाईं तिनीहरूलाई चिन्नुहुन्छ, तपाईं तिनीहरूका लागि पवित्र हुनुहुन्छ, तिनीहरूसँग प्रशस्त जीवन हुनेछ, तपाईंले आफूलाई तिनीहरूमा समर्पित गर्नुहुन्छ भन्ने कुरा व्यक्ति गरिन्छ, तब तिनीहरूले तपाईंलाई हरेक तरिकाले सम्पूर्ण रूप भरोसा गर्नेछन्।" यूहन्ना अध्याय १० मा, येशूले यी रोचक कारणहरूसहित हामीलाई आफ्नो नमुना दिनुहुन्छ। येशू किन मसँग मेरो अधिकारको रूपमा हुनुपर्छ? मैले किन येशूलाई पछ्याउनुपर्छ? म जान्दछु, उहाँ मेरा मुक्तिदाता हुनुहुन्छ, तर मेरा अगुवाको रूपमा उहाँ भन्नुहुन्छ, "होइन, यहाँ रोचक कारणहरू छन्। उहाँले मलाई चिन्नुहुन्छ। उहाँ पूर्ण रूपमा मेरो लागि हुनुहुन्छ। उहाँ असल हुनुहुन्छ, र उहाँसँग यो निःस्वार्थ अधिकार छ। यदि त्यो उहाँको नेतृत्वको नमुना हो भने त्यसले विश्वास निर्माण गर्छ, ताकि म उहाँलाई मेरा अगुवाको रूपमा पछ्याउन सकूँ, एक अगुवाको रूपमा त्यो मेरो नमुना हो। अनि आफैलाई मूल्याङ्कन गर्नुहोस्। के तपाईं तिनीहरूलाई चिन्नुहुन्छ? अनि के तपाईंको पछि लाग्नेहरूले तपाईंलाई चिन्छन्? के त्यो निर्माण भएको विश्वास हो?

के तपाईं साँच्चै सम्पूर्ण रूपले तिनीहरूका लागि हुनुहुन्छ? के तिनीहरूले त्यो कुरा बुझ्छन्? के तिनीहरूले कुरा जान्दछन्? वा के तपाईं तिनीहरू कसरी तपाईंका लागि हुन सक्छन् भनेर शक्ति प्रयोग गर्दै हुनुहुन्छ? एक अगुवाको रूपमा मानिसहरूले भरोसा गर्नेछन्। के तपाईं असल हुनुहुन्छ? के तपाईंसँग त्यो पूर्ण इमानदारिता छ, जहाँ तपाईंका कुराहरू र कामहरू, साथै तपाईंको हृदय र मनको धारणा र विश्वासहरू सबै एकसाथ मिल्छन्?

तपाईं असल हुनुभएकोले भरोसा निर्माण हुन्छ। तपाईंसँग अधिकार छ, तर के त्यो निःस्वार्थ छ? मानिसहरूले भन्ने कुरामा यो देखिन्छ, "जोएल, म तपाईंलाई पछ्याउनेछु, किनकि म देख्छु, तपाईंसँग शक्ति र अधिकार छ, तर म यो पनि देख्छु कि तपाईं अरूलाई उठाउन निःस्वार्थ रूपमा त्यो दिनुहुन्छ।" हिब्रूको पुस्तकमा एउटा खण्ड छ, जसले येशूको नमुना र उहाँको नेतृत्वको हाम्रो नमुना उत्कृष्ट राम्रो प्रकारले वर्णन गर्दछ। हिब्रू १३:२० देखि अगिका पदहरूले भन्छन्, "भेडाका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त करारको रगतद्वारा मृत्युबाट जीवित पार्नुहुने शान्तिका परमेश्‍वरले तिमीहरूलाई हरेक असल गुणले सिद्ध पारून्, र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक। जो परमेश्‍वरलाई मनपर्दो छ, येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरून्। उहाँको महिमा युगानुयुग भइरहोस्। आमेन।" यो हिब्रूको पुस्तकको प्रार्थना हो। के म तपाईंलाई उत्साह दिन सक्छु? तपाईं अरू मानिसहरूले भरोसा गर्न सक्ने गोठालो अगुवा बन्नुहोस्, किनकि जब तपाईं येशूको अगुवापनको भूमिकाको नमुना देखाउनुहुन्छ, तपाईंले तपाईंले भरोसा निर्माण गर्नुभएको देख्नुहुनेछ। चेलाहरूले येशूमा अनुभव गरेका जस्तै जब तिनीहरूले तपाईंमा अनुभव गर्नेछन् तब तिनीहरूले तपाईंमाथि त्यस्तै भरोसा गर्नेछन्। मानिसहरूले भरोसा गर्ने अगुवा बन्नुहोस्, किनकि तपाईं तिनीहरूका लागि त्यस्तै हुनुहुन्छ जस्तो प्रभु येशू उहाँका बाह्र चेलाका लागि हुनुहुन्थ्यो।